नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

आज मिति २०८२/१०/१८ गते आइतबारका दिन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ को व्यवस्था अनुसार जिल्ला विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समिति (DDRRMC) को बैठक समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी श्री बन्दना राईको अध्यक्षतामा तपसिल बमोजिमको पदाधिकारीहरूको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरियो।

विशेष उपस्थिति

१. समन्वय प्रमुख, श्री गुमान सिं ईस्वो, जिल्ला समन्वय समितिको कार्यालय, तेह्रथुम
२. नगर प्रमुख, श्री संजय कुमार तुम्बाहाम्फे, म्याङलुङ नगरपालिका, तेह्रथुम
३.
४.
५.

उपस्थितिः

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री बन्दना राई | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | प्र.जि.अ. |
| | श्री विश्व प्रकाश तुम्बाहाम्फे | नेपाली काङ्ग्रेस, तेह्रथुम | सह सचिव |
| | श्री तारामान मादेन | नेकपा एमाले, तेह्रथुम | सचिव |
| | श्री सुर्य बधुर घिमीरे | नेपाली कम्युनिष्ट पार्टी, तेह्रथुम | सचिव |
| | श्री | राष्ट्रिय स्वतन्त्र पार्टी | |
| | श्री टंक प्रसाद अधिकारी | राष्ट्रिय प्रजातन्त्र पार्टी, तेह्रथुम | अध्यक्ष |
| | श्री भगवान रिजाल | जनता समाजवादी पार्टी, तेह्रथुम | अध्यक्ष |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री लक्ष्मण ओली | जिल्ला प्रहरी कार्यालय, तेह्रथुम | प्र.ना.उ. |
| | श्री महेश राज विष्ट | सशस्त्र प्रहरी बल नेपाल नं. ३ गुल्म हे.क्वा | स.प्र.ना.उ. |
| | श्री डिल्लीराम भट्टराई | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, तेह्रथुम | प्र.अ.अ. |
| | श्री ~~विनोद राई~~ दिरेन्ज कुमार ठाकुर | शत्रुमर्दन गुल्म, तेह्रथुम | सह सेनानी |
| | बद्री प्रसाद भट्ट | डिजिफ का कार्यालय | डिएफो |
| | सुमन खड्का | " | स०व०अ. |
| | थिम लवागुन | गैंसस महासंघ | सचिव |
| | सीता लिम्बू | पत्रकार महासंघ | उपाध्यक्ष |
| | दिलशाल राई | कृषि ज्ञान केन्द्र | कृषि अर्थ विज्ञ |
| | हरि गोपाल आचार्य | राष्ट्रिय कृषि ... करण कार्यक्रम | प्रा. स. |
| | दिल चन्द्र क्षेत्री | श्री त्रिरत्न समन्वय समिति कार्यालय | नि. निर्देशक |
| | श्रीकृष्ण दाहाल | ने० रे० सो० जि० शा० | सभापति |
| | तारा वीर लोक | ते०उ०वा० संघ | वरिष्ठ उपाध्यक्ष |
| | विनय ढुंगाली | स्वा.का. | का.प्र. |
| | अखिल ना० मण्डल | व० इन्जिनियर पूर्वाधार विकास का० तेह्रथुम | व. इन्जिनियर |
| | लालकृष्ण लिम्बु | जिल्ला प्रशासन कार्यालय तेह्रथुम | स० प्र० जि० अ |
| | राम प्रसाद भट्टराई | —״— —״— | ना.सु. |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| [signature] | सुनिल सिटौला | जिल्ला प्रशासन का. तेह्रथुम | ना.सु. |
| [signature] | गोविन्द लिम्बु | " " | क.अ. |
| [signature] | प्रकाश खनाल | " " | [illegible] |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**२०८२/१०/१८ गते बसेको जिल्ला विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समिति बैठकका निर्णयहरू:-**

१. मिति २०८२।०८।१४ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा छलफल गरियो।

२. आर्थिक बर्ष २०८२/०८३ को लागि तेह्रथुम जिल्लाको विपद् व्यवस्थापन सम्बन्धमा मुख्य दस्तावेजको रुपमा मस्यौदा समितिद्वारा प्रस्तुत **"डढेलो तथा आगलागी नियन्त्रण पुर्वतयारी तथा प्रतिकार्य योजना २०८२/०८३"** को मस्दौयाको सम्बन्धमा आवश्यक छलफल गरी स्वीकृत गरियो। उक्त प्रतिकार्य योजनाले तोकेको जिम्मेवारी सम्बन्धित निकायहरुले उच्च प्रथमिकताका साथ कार्यान्वयन गर्ने।

३. **Quick Response Team/Immediate Response Team (QRT/IRT)** योजना-२०८२/०८३ मा निर्दिष्ट रणनीति अनुसार विपद् पूर्व तयारीका लागि जोखिमयुक्त स्थानहरु, जोखिमको समयमा उपयोग गर्न सकिने सुरक्षित स्थानहरु पहिचान र उपयोगका सम्बन्धमा स्थानीय विपद् व्यवस्थापन समिति मार्फत नागरिक एंव सरोकारवालाहरुलाई जानकारी गराउने।

४. डिभिजन वन कार्यालय तेह्रथुमको पत्र संख्या ०८२-०८३ वन-व्य, चलानी नम्बर २६३२ मिति २०८२/१०/०७ गतेको पत्र बैठकमा जानकारी गराईयो। सो सम्बन्धमा पंञ्चमी सल्लेरी सामुदायिक वन उपभोक्ता संघ फेदाप गाउँपालिका वडा नम्बर २ मा बर्षाको कारणले ढलापडा रहेका रुख संकलनका लागि अध्ययन गरेको प्रतिवेदनमा कटान गर्नुपर्ने बार्षिक स्वीकृत परिमाण भन्दा वढी देखिन आएकाले वढी परिमाण संकलनका लागि संघीय वन नियमावली २०७९ को नियम १७ को उप-नियम ३, ४ र ५ मा भएको व्यवस्था बमोजिम जिल्ला विपद् व्यवस्थापन समितिबाट ढलापडा रुख संकलन गर्नका लागि डिभिजन वन कार्यालय तेह्रथुमलाई दुरुपयोग नहुने गरी संकलन गर्न स्वीकृति दिने।

५. हिंउदमा हुने अत्याधिक आगलागी वन डढेलो सम्बन्धी विपद् रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि आगलागी तथा वन डढेलो न्यूनीकरण कार्ययोजना तर्जुमा गर्ने र सबै स्थानीय तहको सक्रियतामा डिभिजन वन कार्यालयले जनचेतनामूलक कार्यक्रम प्रभावकारी रूपमा निरन्तर सञ्चालन गर्ने साथै सो कार्यका लागि आवश्यक उपकरणहरुको व्यवस्थापन गर्ने/गराउने।

६. स्थानीय तह, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन ईकाई, डिभिजन वन कार्यालय, घरेलु तथा सानो उद्योग कार्यालय, कृषि ज्ञान केन्द्र लगायतका अन्य सम्वन्धित कार्यालयहरुले क्षमता विकास/उद्यमशीलता/आयमूलक कार्यक्रम सन्चालन गर्दा विपद् जोखिममा परेका व्यक्तिहरुलाई उच्च प्राथमिकता दिई कार्यक्रम संचालन गर्ने।

७. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको पत्र संख्या ०८२/०८३, चलानी नम्बर ९३९, मिति २०८२/१०/०९ गतेको पत्र मार्फत प्राप्त भएको **वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना** २०८२ माथि छलफल गरियो। साथै उक्त कार्ययोजना सबै स्थानीय तह र जिम्मेवार निकाय, सहयोगी निकायहरुले कार्ययोजनामा तोकिएको कार्यजिम्मेवारी अनुसार प्रभावकारी ढंगले कार्यान्वयन गर्ने/ गराउने।

८. आगालागीको जोखिमलाई मध्यनजर गर्दै जिल्लास्थित सुरक्षा निकायहरू (जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल) र जिल्ला प्रशासन कार्यालय, तेह्रथुममा रहेका Fire Extinguisher रिफिल गरी दुरुस्त अवस्थामा राख्ने, उक्त रिफिल खर्चको व्यवस्थापन विविध (जिल्ला विपद् व्यवस्थापन कोष) शिर्षकबाट गर्ने ।

९. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट तयार भएको स्वयंसेवक व्यवस्थापन प्रणाली संचालनमा आवद्ध भई विपद् जोखिम न्यूनिकरण कार्यमा जनचेतना अभिवृद्धि गर्ने। साथै नागरिकमा स्वयंसेवकको भावना जागृत गराउन जिल्ला स्थित स्थानीय तह लगायत सरोकावाला सबैमा अनुरोध गर्ने।

१०. तेह्रथुम जिल्लामा कुनैपनि विपद्को घटना घटी पिडितलाई आवश्यक पर्ने राहत (खाद्यान्न, लत्ताकपडा, त्रिपाल ईत्यादी) प्राथमिक उपचार लगायतका विषय तत्कालै सम्बोधन गर्न स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, सरोकारवाला निकाय सबै एकजुट भई कार्य गर्ने।

११. कुनै विपद्जन्य घटना भएमा नेपाल सरकारबाट जारी भएका ऐन, निर्देशिका, कार्यविधी र मापदण्ड अनुसार पुनर्निर्माण गर्ने/ प्रवलिकरण गर्ने/अस्थाथी आवास निर्माण गर्ने कार्यका लागि तोकिएको कानून बमोजिम प्रभावित भएका व्यक्तिको पुनर्निर्माण, प्रवलिकरण गर्नका लागि नेपाल सरकारले तोकिएको System मा इन्ट्री गरी स्थानीय विपद् व्यवस्थापन समितिले लाभग्राही पहिचान समेतको निर्णय गरि जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने ।

१२. उपयुक्त सबै कार्यका लागि यस जिल्लामा विपद् क्षेत्रमा काम गर्ने संस्थाले आवश्यक सहजिकरण गर्ने ।